लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको मासिक प्रकाशन

वर्ष २, अंक ९, २०७५ असोज (Year 2, Issue 9, Sep/Oct. 2018)

सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा लेखापरीक्षण बैठक सम्पन्न



सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुलाई निर्देशन दिनुहुदैं

१५ श्रावण, २०७५

सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको समुपस्थितिमा माननीय महालेखापरीक्षक, नेपाल सरकारका मुख्य सचिव, संघीय संसद सचिवालयका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लगायत नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुको सहभागितामा आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण योजना सम्बन्धी बैठक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सम्पन्न भयो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीले आर्थिक कारोबारमा रहेका कानूनी जटिलता र वित्तीय अनुशासनका सम्बन्धमा आफ्नो धारणा राख्दै बढ्दो बेरुजूले बेरुजू सार्वजनिक प्रशासनमा रहेको आर्थिक अनुशासनको स्तर मापन हुने उल्लेख गर्नुभयो । सो क्रममा उहाँले समग्र मुलुकी प्रशासनको आर्थिक कारोबारमा शुद्धता, स्वच्छता र पारदर्शिता कायम गर्न राजनैतिक नेतृत्वको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै यसका लागि राजनैतिक नेतृत्वमा स्वच्छता र पारदर्शिता हुनुपर्ने बताउनु भयो । मुलुकको समृद्धिका लागि वित्तीय अनुशासन र सेवा प्रवाहमा उल्लेख्य सुधार गर्ने विषयमा नतिजामुखी कार्य गर्न उहाँले नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुलाई निर्देशन दिनुभयो । उहाँले आर्थिक प्रशासन सुधार र अनुशासन कायम गर्न सचिवहरुको ध्यानाकर्षण गराउनु भयो ।

क्रमशः पेज ५ मा

यस भित्र .....

क्र.सं.	विषय	पेज नं.
१	सम्माननीय प्रधानन्यायाधीश र महालेखापरीक्षक बीच छलफल	३
२	सम्माननीय सभामुख र अध्यक्षसँग महालेखापरीक्षकको भेट	३
३	संघीय संसदको सार्वजनिक लेखा समितिसँग छलफल	४
४	संरचना परिवर्तन भएका निकायको लेखापरीक्षण सम्बन्धमा छलफल	६
५	सुरक्षा निकायका प्रमुखसँग छलफल	७
६	माननीय महालेखापरीक्षकज्यूबाट लेखापरीक्षण टोलीलाई निर्देशन	९
७	अन्तर्राष्ट्रिय गतिविधि	१३
८	चीनको सरकारी लेखापरीक्षण प्रणाली	१५
९	महालेखापरीक्षकको कार्यालयको संगठन संरचना र दरबन्दी स्वीकृत	१७

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री ईश्वर नेपाल

सम्पादक मण्डल
संयोजक
श्री बिष्णुप्रसाद रिजाल

सदस्य
श्री महेश पौड्याल
श्री दिपक आचार्य
श्री सरस्वती थापा

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६६०३४
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

नोटिस बोर्ड नं
१६१८०१४२५३२७०

सम्पादकीय .....

महालेखापरीक्षकबाट स्वीकृत लेखापरीक्षण योजना अनुसार आर्थिक बर्ष २०७४/७५ को प्रथम चरणको लेखापरीक्षण कार्य २०७५ श्रावण १५ देखि शुरु भएको छ । कार्यालयले यस वर्ष ५ हजार ४५९ इकाईको तीन चरणमा करिब ९८० कर्मचारी परिचालन गरी लेखापरीक्षण सम्पन्न गर्ने लक्ष्य राखेको छ । जस अनुसार प्रथम चरणमा २९ पहाडी तथा हिमाली जिल्लाको लेखापरीक्षण कार्य सम्पन्न भएको छ भने काठमाडौं उपत्यकाको लेखापरीक्षण कार्य जारी रहेको छ ।

कार्यालयमा उपलब्ध स्रोत साधनको अधिकतम् उपयोग गरी लेखापरीक्षण कार्यमा दक्षता र प्रभावकारीता वृद्धि गर्न यस वर्ष निकायको कारोबार र त्यसको जटिलता, पछिल्लो वर्षको बेरुजू स्थिति, आन्तरिक नियन्त्रण प्रणाली र त्यसको पालना आदि समेतलाई मूल्यांकन गरी विस्तृत र साना निकायको गरी २ प्रकारको लेखापरीक्षण पद्दति अवलम्बन गरिएको छ । यसबाट लेखापरीक्षण कार्य उच्च जोखिम र कारोबारको जटिलता भएका निकायतर्फ केन्द्रीत गरी लेखापरीक्षण कार्य थप प्रभावकारी हुने कार्यालयको अपेक्षा रहेको छ ।

लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन पक्षमा सुधार गरी यसको प्रभाव वृद्धिमा थप प्रयत्न गर्न आवश्यक रहेको छ । यस कार्यमा संघीय संसद, सार्वजनिक लेखा समितिको सक्रियता महत्वपूर्ण रहन्छ । संघीय संसदमा सार्वजजिक लेखा समिति गठन भएसँगै यसले आफ्नो कार्य क्षेत्र भित्र पर्ने विषयमा सक्रियता देखाउन थालेको छ । जसबाट विगत लामो समय देखि छलफल हुन बाँकी रहेका महालेखापरीक्षकको बार्षिक प्रतिवेदन उपर समयमै छलफल भई प्रतिवेदनको कार्यान्वयन पक्षमा सकारात्मक नतिजा प्राप्त हुने तथा कार्यालयको संस्थागत र कानूनी सुधारमा समितिको सकारात्मक सहयोग रहने अपेक्षा गरिएको छ ।

अन्त्यमा आउँदै गरेको बडादशैं, शुभ दिपावली तथा छठ पर्व, २०७५ तथा नेपाल

क्रमश: पेज १२ मा

माननीय महालेखा परीक्षकज्यूको सन्देश



महालेखापरीक्षकको कार्यालय नेपालको सर्वोच्च लेखापरीक्षण संस्था हो । यसले सरकारको कुनै पनि तह/निकायबाट सार्वजनिक स्रोत साधन तथा अधिकारको दुरुपयोग हुन नदिन काम कारवाहीलाई सुशासनको कसीमा राखी जाँच्ने काम गर्दछ ।

नेपालको संविधान अनुसार मुलुकमा हाल संघीयता लागु भएको अवस्थामा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको लेखापरीक्षण गर्नुपर्ने हुँदा लेखापरीक्षणको दायरा विस्तार भएकोमा महालेखापरीक्षकले सरकारी आर्थिक कारोबारसँग सम्बन्धित आधारभूत मान्यता प्रर्वद्धनका लागि स्वतन्त्र र निष्पक्ष मूल्यांकन गरी वित्तीय सुशासन कायम गर्न महत्वपूर्ण योगदान पुऱ्याउने छ ।

मैले नेपालको महालेखापरीक्षकको जिम्मेवारी सम्हालेको करिब १६ महिना व्यतित भैसकेको छ । मुलुक एकात्मक राज्य संरचनाबाट संघीय ढाँचामा परिवर्तन भएको अवस्थामा संघ, प्रदेश तथा स्थानीय तहको समेत लेखापरीक्षण गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ । हामीले गत वर्ष स्थानीय तह लगायत सबै सरकारी निकाय गरी करिब १० हजार निकायको लेखापरीक्षण सम्पन्न गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष यस महालेखापरीक्षकको ५५औं प्रतिवेदन पेश गरिसकेका छौं । जसमा सरकारको वित्तीय अनुशासनको अवस्था छर्लङ्ग देख्न सकिन्छ ।

विगत वर्ष जस्तै हामीले यस वर्ष पनि आ.ब. २०७४/७५ को लेखापरीक्षण गर्न वार्षिक लेखापरीक्षण योजना तयार गरी कार्यान्वयनमा ल्याईसकेको छ । सोही योजना मुताविक पहिलो चरण अन्तर्गत काठमाण्डौं उपत्यका बाहिरका २९ जिल्लाको लेखापरीक्षण सम्पन्न भईसकेको छ भने काठमाण्डौं उपत्यकाका ३ जिल्लाको लेखापरीक्षण कार्य जारी रहेको छ ।

सरकारी कार्यालयको लेखापरीक्षण गरी राय व्यक्त गर्न प्रत्येक लेखापरीक्षकमा उच्च नैतिक आचरणको आवश्यकता पर्दछ । संघीय संसद, कार्यकारिणी लेखापरीक्षण गराउने निकाय र आम नागरिक लगायत सरोकारवालाको अपेक्षा अनुसार लेखापरीक्षण सम्पन्न गर्न लेखापरीक्षकको आचरण तथा व्यवहार आलोचनामुक्त एवं लेखापरीक्षण कार्य विश्वसनीय हुनु जरुरी छ । यस सम्बन्धमा म महालेखापरीक्षकको हैसियतले डोरमा खटिनुहुने सम्पूर्ण

क्रमश: पेज ८ मा

सम्माननीय प्रधानन्यायाधीश र महालेखापरीक्षक बीच छलफल

३१ श्रावण, २०७५

सर्वोच्च अदालतका सम्माननीय प्रधानन्यायाधीश (तत्कालीन कायम मुकायम) श्री ओमप्रकाश मिश्रज्यूको उपस्थितिमा मानानीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल, मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई, रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय र महालेखापरीक्षकको कार्यालयका कर्मचारी सहितको सहभागितामा सर्वोच्च अदालत र मातहतको निकायको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्बन्धमा छलफल सम्पन्न भयो ।



सम्माननीय प्रधानन्यायाधीश श्री ओमप्रकाश मिश्र र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरु

छलफलमा माननीय महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदनमा सर्वोच्च र मातहत कार्यालयमा देखिएका व्यहोराको सम्बन्धमा सम्माननीय कायम मुकायम प्रधानन्यायाधीशलाई जानकारी गराउनुभयो ।

सो क्रममा आ.व.२०७४/०७५ को लेखापरीक्षणको लागि वार्षिक लेखापरीक्षण योजना तयार गरी कार्यान्वयनमा ल्याईसकेको र सोही अनुसार लेखापरीक्षण टोलीहरु गठन गरी काठमाण्डौं उपत्यका सहित ३२ जिल्लामा खटाई सकिएकाले सो सम्बन्धमा सर्वोच्च अदालत मार्फत उच्च तथा जिल्ला अदालतसम्म लेखापरीक्षण गराउन निर्देशन हुन माननीय महालेखापरीक्षकले आग्रह गर्नुभयो । छलफलमा विगतको बेरुजू फछ्यौंटमा तदारुकता देखाउन एवं लेखापरीक्षणका क्रममा सहयोग र समन्वय गर्न तथा लेखापरीक्षणबाट देखिने कैफियत सम्बन्धमा छलफल गरी परिमार्जन गर्न सकिने व्यहोरा माननीय महालेखापरीक्षकज्यूले अवगत गराउनु भयो ।

सो क्रममा सम्माननीय कायम मुकायम प्रधानन्यायाधीशज्यूले विगतमा महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएका बेरुजू फछ्यौंट गर्न तदारुकता देखाएको र प्रतिवेदनमा उल्लेख भएका व्यहोरा कार्यान्वयन गर्न सर्वोच्च अदालत र मातहत अदालतहरुमा सक्रियता रहने बताउनुभयो । सर्वोच्च अदालत र मातहतबाट लेखापरीक्षणमा पूर्ण सहयोग हुने विश्वास दिलाउनुभयो । सो अवसरमा अदालतका मुख्य रजिष्ट्रार र रजिष्ट्रारले गत वर्षको बेरुजू करिब ५५.१९ प्रतिशत फछ्यौंट भएको बताउनुहुँदै लेखापरीक्षण गर्न खटिई आएको टोलीलाई आवश्यक सहयोग र समन्वय गरी समयमा लेखापरीक्षण सम्पन्न गर्न परिपत्र समेत जारी गरी सकिएको जानकारी गराउनु भयो ।

सम्माननीय सभामुख र अध्यक्षसँग महालेखापरीक्षकको भेट

५ भाद्र, २०७५

संघीय संसद-प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री कृष्णबहादुर महरा र राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिनासँग माननीय महालेखापरीक्षक सहितको टोलीले संघीय संसद सचिवालय, सिंहदरबारमा भेटघाट गऱ्यो । भेटमा मुलुकी वित्तीय प्रशासनको समग्र अवस्था र यसका विविध पक्षमा छलफल भएको थियो ।

सो क्रममा प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यूले कानून भन्दा माथि कुनै संस्था वा निकाय हुन नसक्ने उल्लेख गर्दै राज्यका सम्पूर्ण निकायको समग्र लक्ष्य भनेकै आर्थिक अनुशासन कायम गरी विकास र सुशासन प्रबर्द्धन गर्नु रहेको बताउनु भयो । उहाँले सार्वजनिक निकायको आर्थिक व्यवहार र सेवा प्रवाहमा देखिएका कमजोरी र हुन सक्ने अनियमितालाई लेखापरीक्षणको क्रममा ध्यान दिनुपर्ने कुरा जोड दिनुभयो । त्यसैगरी राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूले पुराना बेरुजू फछ्यौंट, पूर्व-पदाधिकारीले लिएको दोहोरो सुविधा, सार्वजनिक खरिदमा देखिएका समस्या लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०७५ र यसको कार्यान्वयन अवस्था, सार्वजनिक प्रशासन र सेवा प्रवाह स्थिति तथा वित्तीय अनुशासनसँग सम्बन्धित अन्य विषयका सम्बन्धमा स्पष्ट पार्नु भएको थियो ।



संघीय संसद-प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष र माननीय महालेखापरीक्षक

संघीय संसदको सार्वजनिक लेखा समितिसँग छलफल

१२ असोज, २०७५

संघीय संसदको सार्वजनिक लेखा समितिमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदनले औंल्याएका महत्वपूर्ण व्यहोरा तथा मुलुकको वित्तीय प्रशासनको अवस्था सम्बन्धी संघीय संसद सचिवालय, सिंहदरबारमा प्रस्तुतीकरण गर्नुभयो ।

त्यस क्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले सम्माननीय राष्ट्रपति समक्ष पेश भएको महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदनले औंल्याएका बजेट अनुशासन र स्रोत सुनिश्चितता, सार्वजनिक खरिद, आयोजना व्यवस्थापन, आन्तरिक नियन्त्रण र कारोबारको यथार्थता, राजस्व प्रशासन, संस्थानको लेखापरीक्षण स्थिति, सार्वजनिक सेवाप्रवाह तथा जिम्मेवारी र जवाफदेहिता पलनाका विषयमा जानकारी गराउनु भयो ।

समितिका माननीय सभापति श्री भरतकुमार शाह र माननीय सदस्यहज्यूरुले स्थानीय तहको लेखापरीक्षण र सुशासन तथा सेवा प्रवाहको अवस्था, गैर बजेटरी खर्च, राजस्व लक्ष्य प्राप्ती तथा विकास बजेट, लेखापरीक्षण नगराएका निकाय, नेपाल वायु सेवा निगमको वाईड बडी विमान खरिद, गतविगतको बेरुजू फछ्यौंट लगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो । सो क्रममा समितिका सदस्यज्यूहरुले लेखापरीक्षणका माध्यमबाट सार्वजनिक स्रोत साधनको परिचालन तथा सदुपयोग भए नभएको एकिन गर्नुका साथै लेखापरीक्षणलाई प्रभावकारी बनाउन समितिबाट आवश्यक सहयोग उपलब्ध हुने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । त्यसैगरी माननीय सदस्यहरुले सार्वजनिक लेखा समितिले गरेका निर्णय कार्यान्वयनको सम्बन्धमा राय व्यक्त गर्दै आर्थिक अनुशासनहिनताले मुलुकमा अराजकता बढाएको र यसले महालेखापरीक्षकको कार्यालय तथा सार्वजनिक लेखा समिति माथि थप चुनौति सिर्जना गरेको उल्लेख गर्नुभयो ।

माननीय सदस्यहरुले राखेका धारणा तथा जिज्ञासा प्रष्ट पार्ने क्रममा माननीय महालेखापरीक्षकज्यूले बेरुजू फछ्यौंटका लागि सम्बन्धित निकाय र पदाधिकारी नै जिम्मेवार हुने उल्लेख गर्दै छलफलमा उठान भएका कतिपय विषयहरु महालेखापरीक्षकको प्रतिवेदनमा समावेश भएको र लेखापरीक्षण प्रतिवेदनका सुझावको कार्यान्वयनबाट वित्तीय अनुशासन तथा जवाफदेहिता कायम गर्न सहयोग पुग्ने उल्लेख गर्नुभयो ।



सार्वजनिक लेखा समितिका नव निर्वाचित माननीय सभापति श्री भरतकुमार शाह र माननीय महालेखापरीक्षक सहितको टोली बीच भएको छलफल ।

त्यसैगरी ३० श्रावण २०७५ मा मुलुकमा ३ वटै तहको निर्वाचन सम्पन्न भएपछि संघीय संसदको सार्वजनिक लेखा समितिले पूर्णता पाएको छ । उक्त समितिको ज्येष्ठ सदस्य माननीय श्री बिमलप्रसाद श्रीवास्तवज्यूको अध्यक्षतामा सम्पन्न पहिलो बैठकमा महालेखापरीक्षकको कार्यालयको तर्फबाट माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले महालेखापरीक्षकको ५५औं वार्षिक प्रतिवेदनले औंल्याएका महत्वपूर्ण व्यहोरा सहित मुलुकको वित्तीय प्रशासनमा देखिएका समग्र व्यहोरा बारे प्रस्तुतीकरण गर्नुभयो ।



कार्यक्रममा सहभगी हुनुहुँदै सार्वजनिक लेखा समितिका माननीय सदस्य सहितका पदाधिकारीहरु

माननीय महालेखापरीक्षकज्यूले प्रतिवेदनमा उल्लेखित बेरुजू हुने कारणहरुमा विशेष गरी ऐन नियमको पालना, आन्तरिक नियन्त्रण, सरकारी सम्पत्तिको संरक्षण, श्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन, श्रोतको सुनिश्चितताका आधारमा गरिएको खर्च, वैदेशिक सहायता परिचालन, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, पुनःनिर्माण तथा पुनःस्थापना, प्राकृतिक स्रोत तथा सांस्कृतिक सम्पदाको संरक्षण, सेवा प्रवाह संग सम्बन्धित विषयहरुमा देखिएका समस्या उल्लेख गर्दै जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन मार्फत सार्वजनिक सेवा प्रवाह सुधारका सम्बन्धमा सुझावहरु प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सार्वजनिक लेखा समितिको अध्यक्षता गर्नुभएका माननीय श्री बिमलप्रसाद श्रीवास्तव र माननीय सदस्यहरुले राखेको धारणा तथा जिज्ञासा प्रष्ट पार्ने क्रममा माननीय महालेखापरीक्षकज्यूले समितिबाट प्राप्त सुझाव र निर्देशन कार्यान्वयन मार्फत् आर्थिक अनुशासन पालना र सुशासन प्रबर्द्धनमा सहयोग पुग्ने बताउनु भयो ।

यसका अलावा सम्बोधन हुन नसकेका विषयवस्तु आगामी दिनमा गम्भीरताका साथ परीक्षण गरिने उल्लेख गर्नुभयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूको .....

त्यस क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले सार्वजनिक निकायमा रहेको बेरुजू फछ्यौंटमा तदारुकता देखाई आगामी दिनमा बेरुजू सिर्जना हुन नदिने अवस्था निर्माणका लागि ध्यानाकर्षण गराउनुभयो । उहाँले बेरुजूभित्र रहेका गम्भीर प्रकृतिका भ्रष्टाचारजन्य क्रियाकलाप पहिचान गरी कारबाही गर्न तथा महालेखापरीक्षकको प्रतिवेदन कार्यान्वयन मार्फत् जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाई बेरुजू फछ्यौंट गर्न निर्देशन दिनुभयो ।

उक्त अवसरमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले महालेखापरीक्षकको ५५औं वार्षिक प्रतिवेदनले औंल्याएका प्रमुख व्यहोरा प्रस्तुत गर्दै मुलुकको वित्तीय अनुशासनको विद्यमान स्थितिमा सुधार गरी नागरिकलाई गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने धारणा राख्नुभयो । त्यसैगरी उहाँले विकास निर्माण, राजस्व आम्दानी र खर्च, सेवा प्रवाह लगायत वित्तीय प्रशासनका विविध पक्षमा देखिएका कमजोरीको सुधारका लागि महालेखापरीक्षकको प्रतिवेदनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने धारणा राख्नुभयो । उहाँले गुणस्तरीय लेखापरीक्षण सेवा मार्फत् सार्वजनिक कोषको संरक्षण र उपयोग तथा बदलिंदो परिवेशमा समृद्ध नेपाल, सुखी नेपालीको मूल नारा हासिल गर्ने नेपाल सरकारको लक्ष्यलाई टेवा पुऱ्याउने कार्यमा महालेखापरीक्षकको तर्फबाट सहयोगी भूमिका रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७५ मा उल्लेख भएका विविध पक्षमा छलफल भएको थियो । उक्त योजना अनुसार कार्यालयले संघ, प्रदेश र स्थानीय तहको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण २०७५ श्रावण १५ देखि माघ मसान्तसम्म ३ चरणमा सम्पन्न गरी चैत्र मसान्तभित्र सम्माननीय राष्ट्रपतिज्यू समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने कार्यतालिका निर्धारण गरिएको छ ।

काठमाण्डौं उपत्यका भित्रका स्थानीय तहका पदाधिकारीसँग अन्तरक्रिया

१९ भाद्र, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा काठमाण्डौं उपत्यकास्थित महानगरपालिका र नगरपालिकाका नगर-प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत र महालेखापरीक्षकको कार्यालयका पदाधिकारी बीच महालेखापरीक्षकको कार्यालय, बबरमहलमा आर्थिक वर्ष २०७४/७५ को स्थानीय तहको लेखापरीक्षण सम्बन्धमा अन्तरक्रिया भयो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले स्थानीय तहका जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गर्दै नेपालको संविधानले महालेखापरीक्षकको कार्यालयबाट संघ, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण हुने व्यवस्था गरेको र कार्यालयले आर्थिक वर्ष २०७३/७४ मा प्रथम पटक तीनै तहको लेखापरीक्षण सम्पन्न गरी छुट्टाछुट्टै प्रतिवेदन समेत पेश गरिसकेको जानकारी गराउनुभयो । त्यसैगरी लेखापरीक्षणलाई समस्या निवारण गर्ने उपायको रुपमा लिई, लेखापरीक्षण गर्न खटिएको टोलीलाई आवश्यक श्रेस्ताहरु उपलब्ध गराउन तथा अनुकूल वातावरण निर्माण गरी लेखापरीक्षण कार्यमा सहयोग गर्न निर्देशन दिनुभयो ।

सो कार्यक्रममा उपस्थित स्थानीय तहका पदाधिकारीहरुले आ-आफ्नो स्थानीय तहको वार्षिक नीति, कार्यक्रम, योजना, लक्ष्य र प्रगति, गत आर्थिक वर्षको बेरुजू र फछ्यौंटको अवस्था सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो । उपस्थित स्थानीय तहका प्रमुख तथा पदाधिकाहरुले विद्यमान संघीय कानूनी व्यवस्था पालना गरी कार्य गर्न कठीन रहेको तथा स्थानीय तहले सार्वजनिक खरिद नियमावलीमा के कस्ता प्रावधान राख्न मिल्ने सो सम्बन्धमा अन्यौलता रहेको बताउनु भयो । त्यसैगरी साँस्कृतिक सम्पदाको पुनः निर्माण तथा जिर्णोद्धारको लेखापरीक्षण गर्दा खरिद प्रक्रियालाई भन्दा नतिजा र गुणस्तरीयता सम्बन्धमा एकिन गरी लेखापरीक्षण गरिदिन अनुरोध गर्नुभयो । उपस्थित पदाधिकारीहरुले स्थानीय तहका जनप्रतिनिधीलाई आर्थिक प्रशासन, वित्तीय अनुशासन र जवाफदेहिताका विषयमा ज्ञान अभिवृद्धि गर्न यस्ता कार्यक्रम निरन्तर राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।



माननीय महालेखापरीक्षक र काठमाण्डौं उपत्यका भित्रका स्थानीय तहका पदाधिकारी बीच अन्तरक्रिया ।

संरचना परिवर्तन भएका निकायको लेखापरीक्षण सम्बन्धमा छलफल

३ भाद्र, २०७५

माननीय महालेखापरीक्षक, महालेखा नियन्त्रक तथा अर्थ मन्त्रालयका पदाधिकारीको समुपस्थितिमा संघीय संरचना पश्चात् पुनः संरचना तथा खारेजी हुने कार्यालयका लेखा उत्तरदायी अधिकृत सहितका पदाधिकारीसँग संघीयता पश्चात्को प्रशासनिक व्यवस्था, खारेज भएका, गाभिएका एवं अन्य तहमा हस्तान्तरण भएका कार्यालयको अवस्था र तीनका आ.व.२०७४/७५ को लेखापरीक्षण सम्बन्धमा छलफल भयो ।



माननीय महालेखापरीक्षक र विभिन्न निकायका लेखा उत्तरदायी अधिकृत सहितका पदाधिकारी बीच छलफल

छलफलका क्रममा सम्बन्धित लेखा उत्तरदायी अधिकृतहरुले त्यस्ता निकायको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन साविक कार्यालयको विभागीय प्रमुख वा लेखा उत्तरदायि अधिकृत (सचिव) लाई दिने व्यवस्था मिलाइनुका साथै विगत वर्ष देखिको बेरुजू र यस वर्ष कायम हुने बेरुजूको प्रतिक्रिया दिने, फछ्यौंट गराउने तथा लगत राख्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा विभागीय प्रमुखको हुने व्यहोरा अवगत गराउनुभयो ।

सुरक्षा निकायका प्रमुखसँग छलफल

७ भाद्र, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा नेपाली सेनाका कायम मुकायम प्रधान सेनापति श्री पूर्णचन्द्र थापा, सशस्त्र प्रहरी बलका महानिरीक्षक श्री शैलेन्द्र खनाल सहित नेपाली सेना एवं सशस्त्र प्रहरी बलका उच्चपदस्थ अधिकारी र महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरु बीच आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण सम्बन्धमा महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छुट्टाछुट्टै छलफल भयो ।

सो क्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षणमा खटिएका टोलीलाई आवश्यक श्रेस्ता कागजातहरु समय मै उपलब्ध गराई तोकिएको समयमा लेखापरीक्षण सम्पन्न गर्न तथा लेखापरीक्षणमा निकायको सेवा प्रवाह, निकायको कार्यसम्पादन स्थिति, वित्तीय उत्तरदायीत्व तथा जवाफदेहिताको साथै उपलब्धिको समेत मूल्यांकन गरिने बताउनुभयो ।

सो अवसरमा महालेखापरीक्षकको कार्यालयको तर्फबाट लेखापरीक्षण योजना, उद्देश्य, क्षेत्र तथा लेखापरीक्षण गर्दा केन्द्रित गरिने विषयहरु जानकारी गराईएको थियो । नेपाली सेना र सशस्त्र प्रहरी बलका तर्फबाट विगतमा महालेखापरीक्षकको कार्यालयबाट औंल्याईएका बेरुजू फछ्यौंट सम्बन्धमा भएको प्रगति, मुलुक संघीयतामा गए पछिको सांगठनिक संरचनामा भएको परिवर्तन, शान्ति सुरक्षा तथा विकास सम्बन्धि क्रियाकलापहरु बारे माननीय महालेखापरीक्षकज्यू समक्ष कार्यपत्र प्रस्तुत गरिएको थियो ।

त्यसैगरी २४ भाद्र, २०७५ मा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा नेपाल प्रहरीका महानिरीक्षक श्री सर्वेन्द्र खनाल तथा अन्य उच्चपदस्थ अधिकारी र महालेखापरीक्षकको कार्यालयका पदाधिकारी बीच महालेखापरीक्षकको कार्यालय, बबरमहलमा आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्बन्धमा छलफल सम्पन्न भयो ।

उक्त छलफलमा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षणलाई समस्याको रुपमा नलिन एवं लेखापरीक्षण गर्न खटिई गएको टोलीलाई आवश्यक श्रेस्ता एवं विवरण उपलब्ध गराई तोकिएको समयमै लेखापरीक्षण सम्पन्न गर्ने वातावरण सिर्जना गर्न निर्देशन दिनु भयो । उहाँले कार्य सम्पादनमा विशेष ध्यान पुऱ्याई आफ्नो निकायको साख वृद्धि हुने गरी कार्य गर्न, प्रहरी कल्याणकारी कोषको प्रभावकारी व्यवस्थापन गर्न र सो कोषमा सरकार लगायत अन्य श्रोतबाट प्राप्त रकम र कोषबाट खर्च भएको रकमको अभिलेख दुरुस्त राख्नुका साथै नेपाल प्रहरी लगायत अन्य सुरक्षा निकायले उद्देश्य बमोजिमका कार्यमा मात्र जनशक्तिको प्रयोग गर्ने तर्फ ध्यानाकृष्ट गराउनु भयो ।

छलफलमा नेपाल प्रहरीको तर्फबाट सांगठनिक संरचना, नीति, बजेट तथा कार्यक्रम, योजना, लक्ष्य, प्रगति, नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रहरी अस्पताल र प्रहरी कल्याण कोषको उद्देश्य, कार्यक्षेत्र, गत विगतमा औल्याइएका बेरुजू र फछ्यौंटको अवस्था लगायत सो संगठनको लक्ष्य प्राप्तिमा विद्यमान रहेका समस्या तथा भावी कार्ययोजना बारे माननीय महालेखापरीक्षकज्यूलाई जानकारी गराईएको थियो । सो क्रममा प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालले आफुले प्रमुखको रुपमा कार्यभार सम्हाले देखि आफ्नो कार्यकालमा सम्पादन गर्ने १० बुंदे कार्ययोजनाका बारे उल्लेख गर्दै सांगठनिक प्राथमिकता निर्धारण, प्रहरी संगठनको पुनःसंरचना, वित्तीय अनुशासनको पालना, बेरुजू फछ्यौंट र सेवा प्रवाह सम्बन्धमा आफ्ना धारणाहरु व्यक्त गर्नुभएको थियो ।



माननीय महालेखापरीक्षक र नेपाल प्रहरीका महानिरीक्षक श्री सर्वेन्द्र खनाल सहितको टोली बीच छलफल ।



माननीय महालेखापरीक्षक र नेपाली सेनाका कायम मुकायम प्रधान सेनापति श्री पूर्णचन्द्र थापा सहितको टोली बीच छलफल ।



माननीय महालेखापरीक्षक र सशस्त्र प्रहरी बलका महानिरीक्षक श्री शैलेन्द्र खनाल सहितको टोली बीच छलफल ।

कोष, परिषद् र बोर्डका पदाधिकारीसँग छलफल

८ भाद्र, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा विभिन्न कोष, परिषद् र बोर्डका उच्च पदस्थ अधिकारी, आर्थिक प्रशासन शाखा प्रमुख र महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरु बीच आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण सम्बन्धमा महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छलफल सम्पन्न भयो ।

त्यस क्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण टोलीलाई आवश्यक श्रेस्ताहरु उपलब्ध गराई लेखापरीक्षण समयमै सम्पन्न गर्ने वातावरण निर्माण गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै कार्यालयबाट गरिने लेखापरीक्षण र निजी क्षेत्रको लेखापरीक्षण बीच रहेको तात्विक भिन्नता बारे उल्लेख गर्नुभयो । उहाँले लेखापरीक्षणको क्रममा आर्थिक कारोबारका साथै श्रोत र साधनको परिचालन त्यसबाट प्राप्त उपलब्धि, आन्तरिक नियन्त्रण प्रणाली, सार्वनजिक खरिद विधिको पालना र सेवाप्रवाह जस्ता पक्षको मूल्यांकन गरिने जानकारी गराउँदै वित्तीय अनुशासन र जवाफदेहिता कायम गर्नका लागि सामूहिक प्रतिबद्धताको आवश्यक्ता औंल्याउनु भयो ।

सो अवसरमा सम्बन्धित निकायका पदाधिकारीले महालेखापरीक्षकको कार्यालयबाट गत विगतमा औल्याईएका बेरुजू र त्यसको फछ्यौंट सम्बन्धमा महालेखापरीक्षकज्यू समक्ष संक्षिप्त रुपमा विवरण पेश गर्दै समयमै बेरुजू फर्छ्यौट गर्न नसक्नुको कारण र गरिएका प्रयासहरु बारेमा समेत जानकारी गराउनु भयो ।



माननीय महालेखापरीक्षक र विभिन्न कोष, परिषद् र बोर्डका उच्च पदस्थ अधिकारीहरु बीच छलफल ।

माननीय महालेखापरीक्षकज्यूको.....

कर्मचारीहरुमा पेशागत मर्यादा, निष्ठा, व्यवसायिकता प्रर्वद्धन गर्दै पारदर्शी तवरले कार्य गर्नुहुन समेत निर्देश गर्न चाहन्छु । यस सन्दर्भमा सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग, विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न र परीक्षण गर्न सकिने हुँदा उल्लेखित विषयमा कुनै जानकारी भएमा यस कार्यालयबाट खटिएको लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराईदिनहुन सरोकारवालामा अनुरोध गर्दछु ।

लेखापरीक्षणमा खटिनुहुने सम्पूर्ण कर्मचारीहरुमा उच्च नैतिकता, पेशागत मर्यादा, आंचरण भित्र रही आफ्नो पेशा प्रति उत्तरदायी र जवाफदेही भई कार्यसम्पादन गर्नु हुन, दीर्घकालीन र गम्भीर किसिमका हिनामिना, वेथिती विसंगति उजागर गर्दै आफुले उठान गरेको विषयवस्तु गुणस्तरीय हुने गरी प्रतिवेदनमा उल्लेख गर्नुहुनेछ । विगत लामो समयदेखि लेखापरीक्षण गर्न बक्यौता रहेका संस्था तथा निकायलाई समयभित्रै सम्पन्न हुने गरी कार्य गर्न र कार्यमूलक लेखापरीक्षणमा खटिएका टोलीहरुले समेत समायावधी भित्रै कार्य सम्पन्न गर्ने तर्फ ध्यान आकृष्ट गराउन चाहन्छु ।

अन्त्यमा आउँदै गरेको बडादशैं, शुभ-दिपावली तथा छठ पर्व, २०७५ तथा नेपाल सम्वत् ११३९ को पावन अवसरमा यहाँहरुको सु-स्वास्थ्य, सुख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

माननीय महालेखापरीक्षकज्यूबाट लेखापरीक्षण टोलीलाई निर्देशन



पहिलो चरण अन्तर्गत लेखापरीक्षणमा खटिने टोलीलाई निर्देशन दिनुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू

१७ श्रावण, २०७५

लेखापरीक्षण मानदण्ड, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना, २०७५ मा उल्लेख भएका विषयका अतिरिक्त माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षणको पहिलो चरण अर्न्तगत काठमाण्डौं उपत्यका सहित ३२ जिल्लामा खटिएका लेखापरीक्षण टोलीलाई निम्नानुसार ४० बुँदे निर्देशन दिनुभयो ।

(क) लेखापरीक्षण गुणस्तर पक्ष

१. सम्बन्धित महानिर्देशनालय/निर्देशनालयबाट ईकाइगत लेखापरीक्षण योजना संकलन तथा सोको आवश्यकता अनुसार पुनरावलोकन गर्ने ।
२. ईकाइगत योजनामा जोखिमका विषयहरु छुट हुन गएको पाईएमा त्यस्ता विषयहरु सम्बन्धित जिल्लामा खटिने लेखापरीक्षण टोलीले लेखापरीक्षण योजनामा समावेश गरी लेखापरीक्षण गर्ने ।
३. लेखापरीक्षण टोलीले विस्तृत लेखापरीक्षण हुने र साना निकायको योजना संकलन गरी कार्यबोझ एकिन गर्ने र जनशक्तिका आधारमा नायव-महालेखापरीक्षकले लेखापरीक्षणको कार्य दिन निर्धारण गर्ने ।
४. गत विगतको अनुभवका आधारमा बढी जोखिम देखिएका क्षेत्रलाई लेखापरीक्षणको क्रममा विशेष ध्यान दिने ।
५. लेखापरीक्षणका क्रममा कुनै निकायले नियतवश वा लापरवाहीपूर्ण गम्भीर तरिकाले अनियमित काम गरेको देखिएमा त्यस्ता जोखिमका विषयमा थप परीक्षण गर्ने र तत्काल सम्बन्धित महानिर्देशनालयमा जानकारी गराउने ।
६. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश हुने किसिमका राष्ट्रिय महत्वका विषयहरु, दीर्घकालीनरुपमा असर पर्ने विषयमा लेखापरीक्षण कार्यलाई केन्द्रित गरी त्यस्ता विषयहरुको विश्लेषण गर्ने ।
७. गुणस्तरीय लेखापरीक्षणको लागि लेखापरीक्षण कार्यक्रममा उल्लेखित क्रियाकलाप सम्पादन गर्ने र गरेको क्रियाकलापलाई कार्यपत्रमा कार्यक्रम अनुसार उल्लेख गर्ने । लेखापरीक्षण कार्यक्रम र आवश्यकता अनुसार भौचिङ्ग, स्थलगत अवलोकन र भौतिक परीक्षण अन्तर-निकाय सुनिश्चितता जस्ता विधि समेत अवलम्बन गर्ने ।
८. स्थानीय तहको लागि जिम्मेवार पदाधिकारी तथा कर्मचारीको छुट्टै छलफल तथा अन्तरक्रिया गरी लेखापरीक्षणलाई प्रभावकारी बनाउन आवश्यक विषयमा स्पष्टता कायम गर्ने/गराउने ।
९. स्थानीय तहको लेखापरीक्षण गर्दा जिल्ला सदरमुकामको हकमा सम्बन्धित निकायमा नै जाने । भौगोलिक तथा अन्य कठिनाइका कारणले टाढा रहेका स्थानीय तहको

हकमा जिल्ला सदरमुकाममा स्रेस्ता झिकाई परीक्षण गर्ने। भौतिक परीक्षण वा स्थलगत अवलोकन गर्नुपर्ने अवस्थामा आवश्यकता अनुसार अवलोकन तथा परीक्षण गर्ने।

१० स्थानीय तहले तर्जुमा गरी कार्यान्वयनमा ल्याएका कानूनहरु परीक्षणलाई लेखापरीक्षणको दायारामा ल्याई उल्लेखनीय विषयहरु देखिएमा प्रतिवेदनमा समावेश गर्ने।

११ स्थानीय तहको लेखापरीक्षण गर्दा शीर्षकगत खर्चको अवस्था, सशर्त, विशेष र समपूरक अनुदानलाई तोकिएको शर्त र प्रयोजनमा खर्च गरे नगरेको र बेग्लै हिसाब राख्ने व्यवस्था गरे नगरेको परीक्षण गरी वैदेशिक सहयोगबाट व्यहोरिने शिक्षा, स्वास्थ्य, संघीय मामिला, कृषि तर्फका क्षेत्रगत खर्चको विवरण र सोको लेखापरीक्षणबाट देखिएको व्यहोरा बेग्ला बेग्लै प्रतिवेदनमा खुलाउने।

१२ स्थानीय तह वा अन्य निकायमा आन्तरिक लेखापरीक्षण नभएको स्थितिमा अन्तिम लेखापरीक्षण गर्न बाधा नहुने तथा आन्तरिक लेखापरीक्षण नभएको व्यहोरा प्रतिवेदनमा समावेश गर्ने।

१३ स्थानीय तह संचित कोष र प्रदेश तह संचित कोषको हिसाब बेग्ला बेग्लै राखी पेश गर्नुपर्ने सम्बन्धमा सुझाव दिने। सो सम्बन्धी व्यहोरा प्रतिवेदनमा औंल्याउने।

१४ लेखापरीक्षणका क्रममा गम्भीर प्रकृतिका व्यहोरा जानकारी प्राप्त हुन आएमा सम्बन्धित नायव-महालेखापरीक्षकलाई जानकारी गराउने।

१५ प्राविधिक रुपले जटिल विषयका सम्बन्धमा सम्बन्धित नायव-महालेखापरीक्षकसँग समन्वय गरी निर्देशनानुसार लेखापरीक्षण सम्पन्न गर्ने।

१६ साना निकायको हकमा प्रवेश बैठकमा नै तोकिएको प्रश्नावली सम्बन्धित निकायलाई उपलब्ध गराई सो प्रश्नावलीको जवाफ प्राप्त भएपछि मात्र लेखापरीक्षण शुरु हुने व्यहोरा जानकारी गराउने। प्रश्नावलीको जवाफ सम्बन्धित निकायबाट प्राप्त भएपछि प्रश्नावलीको आधारमा थप परीक्षण गर्नुपर्ने देखिएमा आवश्यकता अनुसार परीक्षण गर्ने।

१७. लेखापरीक्षणका क्रममा तोकिएका/आवश्यक फारमहरु अनिवार्य रुपमा भरी उल्लेखनीय व्यहोरा प्रतिवेदनमा समावेश गर्ने। निर्देशनालयगत रुपमा भर्नुपर्ने फारमहरु अनिवार्य रुपमा भराउनु पर्नेछ। फारम अनुसारको सूचना प्राप्त नभएमा फाइल नबुझ्ने व्यवस्था मिलाउने।

१८. एकै प्रकृतिका निकायहरुको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु स्पष्ट र सरल भाषामा एकरुपता कायम हुने गरी प्रतिवेदनमा समावेश गर्ने। कुनै विषयमा द्विविधा भएमा नजिकका एक अर्को जिल्लामा खटिएको टोली बीच सम्वाद गरी एकरुपता कायम गर्ने।

१९. लेखापरीक्षण प्रतिवेदनमा सेवा प्रदायक, निर्माण व्यावसायी वा करदाता जस्ता तेस्रो पक्षसँग भएको कारोवारमा देखिएका अनियमितिताका सम्बन्धमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउने। जुन पदाधिकारीको निर्णय वा कारणले अनियमितता, हानी-नोक्सानी भएको हो त्यस्तो पदाधिकारीको नाम नामेसी प्रतिवेदनमा उल्लेख गर्ने।

२०. प्रतिवेदनको मस्यौदा उपर छलफल गराई दफागत लिखित जवाफ लिएर सो व्यहोरा समेत समावेश गरी प्रारम्भिक प्रतिवेदन जारी गर्ने।

२१. विस्तृत लेखापरीक्षण गरिने निकायको वित्तीय जवाफदेहिता मूल्याङ्कन फारम दुई प्रति तयार गरी एक प्रति बेरुजू प्रारम्भीक प्रतिवेदनको अंश बनाई नत्थी गरी लेखापरीक्षण गरीएको कार्यालयमा उपलब्ध गराउने र अर्को प्रति बेरुजू विवरणको साथ अनिवार्य रुपमा लेखापरीक्षकले फाइलमा राख्ने। वित्तीय जवाफदेहिता मूल्याङ्कन फारम भर्दा तथ्य र तथ्यांकमा आधारित भई पेशागत विवेकको समेत प्रयोग गर्ने। लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदनको अन्तमा वित्तीय जवाफदेहिताको सारांस उल्लेख गर्ने।

२२. छलफलमा वा मस्यौदा तयार भए पश्चात् कुनै प्रमाण कागजात प्राप्त भएमा वा प्रतिक्रियाको आधारमा बेरुजू हटाउनु परेमा छलफलको माइन्यूट वा बेरुजूको मस्यौदामा कारण उल्लेख गर्ने वा प्रमाण संलग्न गर्ने व्यवस्था मिलाउने।

(ख) लेखापरीक्षण व्यवस्थापन पक्ष

१. लेखापरीक्षण टोलीका कर्मचारीहरुले लेखापरीक्षण गरिने निकायसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, परिपत्र लगायत विभिन्न सञ्चार माध्यमबाट प्रेषित र महालेखापरीक्षकको सचिवालयले इमेल मार्फत् जानकारी गराईएका समाचार समेतलाई लेखापरीक्षणको क्रममा ध्यान दिने।

२. जिल्लामा पुगेपछि सम्बन्धित टोली प्रमुखले जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय र कोष तथा लेखा नियन्त्रण कार्यालयसँग आवश्यक समन्वय गरी लेखापरीक्षण कार्य अगाडि बढाउने।

३. स्थलगत रुपमा खटिने टोलीले जिल्लामा पुगेपछि कार्यालय प्रमुख, लेखा प्रमुख, सम्भव भएसम्म सम्बन्धित क्षेत्रका जनप्रतिनिधि, नागरिक समाज, पत्रकार लगायत सरोकारवाला व्यक्तिहरुसँग छलफल तथा अन्तरक्रिया गर्ने।

४. एक जिल्लामा एक भन्दा बढी लेखापरीक्षण टोली भएमा एउटै मितिमा बैठक आयोजना गरी छलफल र अन्तरक्रिया गर्ने र छलफलका क्रममा लेखापरीक्षणको प्रक्रिया, समय र लेखापरीक्षणका विविध पक्षहरुबारे जानकारी गराउने। कार्यक्रमको फोटो सहितको जानकारी आफ्नो महानिर्देशनालय र निरीक्षण तथा अनुगमन निर्देशनालयमा पठाउने।

५. जिल्लामा लेखापरीक्षण डोर खटिएको व्यहोरा र सरकारी खर्च, विकास निर्माण, राजस्व संकलन, सेवा प्रवाह लगायतका विषयमा भएका वा हुन सक्ने अनियमितता र दुरुपयोग सम्बन्धी सूचना भएमा त्यस्ता सूचना डोर समक्ष उपलब्ध गराउन सार्वजनिक सञ्चार माध्यमको सहयोग लिई जानकारी गराउने ।

६. जिल्ला स्थित लेखापरीक्षण गरिने कार्यालयका कार्यालय प्रमुख र लेखा प्रमुखको सञ्चार सम्पर्क सहितको सूची निरीक्षण तथा अनुगमन निर्देशनालयमा पठाउने ।

७. जिल्लास्तरमा लेखापरीक्षण डोर खडा गरी "महालेखापरीक्षकको कार्यालय, लेखापरीक्षण डोरमुकाम ....." साईनबोर्ड राखी लेखापरीक्षण गर्ने व्यवस्था मिलाउने ।

८. टोली प्रमुखले आफ्नो टोलीबाट सम्पादित दैनिक क्रियाकलापबारे सम्बन्धित नायव-महालेखापरीक्षकलाई अनिवार्य रुपमा दैनिक जानकारी गराउने ।

९. नायव-महालेखापरीक्षकले सम्बन्धित उप-महालेखापरीक्षक मार्फत लेखापरीक्षण डोरको कार्यसम्पादन स्थिति दैनिक रुपमा महालेखापरीक्षक समक्ष पेश गर्ने ।

१०. तोकिएको समयावधिभित्र लेखापरीक्षण सम्पन्न गर्न सम्बन्धित टोली प्रमुखले टोलीमा समावेश कर्मचारीहरु बीच कामको बाडफाँड गर्ने ।

११. सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, राजस्व आम्दानी र खर्च, सार्वजनिक कोषको उपयोग र कार्यसम्पादन स्थिति परीक्षण गर्दा लेखापरीक्षणका विभिन्न औजार (व्यवस्थापकीय, प्राविधिक तथा व्यवहारगत) विधिहरुको प्रयोग गरी लेखापरीक्षणको गुणस्तरीयता तथा विश्वसनियता वृद्धि गर्नमा ध्यान दिने ।

१२. लेखापरीक्षण सम्पन्न भए पश्चात् प्रारम्भिक प्रतिवेदन जारी गर्नुपूर्व प्रतिवेदनको गुणस्तर परीक्षणका लागि सम्बन्धित नायव-महालेखापरीक्षक तथा गुणस्तर आश्वस्तता निर्देशनालयमा पठाउने ।

१३. त्यसरी पठाएको मस्यौदा प्रतिवेदनको गुणस्तर सम्बन्धित नायव-महालेखापरीक्षक र गुणस्तर आश्वस्तता निर्देशनालयले समन्वय गरी परीक्षण गर्ने र २४ घण्टाभित्र आवश्यक संशोधन एवं निर्देशन सहित टोलीलाई फिर्ता पठाउने ।

१४. त्यस्तो मस्यौदा प्रतिवेदन उपर २४ घण्टाभित्र प्रतिक्रिया प्राप्त भए समायोजन गरी तथा प्रतिक्रिया प्राप्त नभएमा सो व्यहोरा फाईलमा समावेश गरी लेखापरीक्षणको प्रतिवेदन जारी गर्न बाधा नहुने ।

१५. आफू अर्न्तगतको समग्र लेखापरीक्षण कार्य (लेखापरीक्षण योजना, योजनाको कार्यान्वयन, प्रतिवेदन तथा त्यसको गुणस्तर) का हकमा सम्बन्धित नायव-महालेखापरीक्षक र उप-महालेखापरीक्षक महालेखापरीक्षक प्रति जिम्मेवार र जवाफदेही रहने ।

(ग) पेशागत मर्यादा र व्यवहारगत पक्ष

१. लेखापरीक्षणका लागि डोरमा खटिने कर्मचारीहरुले पेशागत मर्यादा र आचरणको पालनामा विशेष ध्यान दिने । लेखापरीक्षण गरिने निकायका पदाधिकारीहरुसंग मर्यादित व्यवहार र औपचारिक सम्बन्ध राखि कार्यसम्पादन गर्ने ।

२. लेखापरीक्षणका लागि खटिएका कर्मचारीहरुले पेशागत तथा व्यवहारगत मर्यादा पालना गरे नगरेको सम्बन्धमा उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक तथा निरीक्षण तथा अनुगमन निर्देशनालयले प्रभावकारी अनुगमनको व्यवस्था मिलाउने ।

३. तोकिए बमोजिम कार्य सम्पादन नगर्ने तथा पेशागत मर्यादामा आँच आउने गरी कार्य गर्ने कर्मचारी वा टोलीलाई जुनसुकै बखत फिर्ता बोलाई निज उपर आवश्यक कारबाही अगाडि बढाउन सकिने तर्फ ध्यानाकृष्ट गर्ने ।

महालेखापरीक्षकसँग नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाका पदाधिकारीको भेट

१४ श्रावण, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाका नव निर्वाचित अध्यक्ष श्री जगन्नाथ उपाध्याय र उपाध्यक्ष श्री कृष्ण आचार्यसँग संस्थाको सम्पादित कार्य र गर्नुपर्ने सुधारबारे महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छलफल भयो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले संस्थाको पदाधिकारीसँग संस्थाको भूमिका, लेखा व्यवसायीको क्षमता विकास, लेखापरीक्षकको आचारसंहिता पालनाको स्थिति, सदस्यहरुबाट सम्पादित कार्यको अनुगमन, सुपरिवेक्षण र गुणस्तर आश्वस्तता प्रणाली लगायतको विषयमा जानकारी लिनुभएको थियो । त्यस क्रममा उहाँले संस्थाको विद्यमान कानूनी व्यवस्था, संगठनात्मक संरचना, क्षमता विकास लगायतका कार्यमा सुधारको खाँचो औल्याउनु भयो । त्यसैगरी लेखापरीक्षणको आचारसंहिता पालनाको अवस्था, नियमनकारी भूमिका र देखिएका समस्याप्रति

समेत संस्थाको पदाधिकारीको ध्यानाकर्षण गराउनु भयो ।

सो अवसरमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाका अध्यक्ष श्री जगन्नाथ उपाध्यायले संस्थाको काम-कारबाहीको बारेमा प्रकाश पार्दै संस्थाको भूमिका तथा लेखा व्यवसायीको क्षमता विकास, नियमनकारी कार्यलाई प्रभावकारी बनाउने तथा देखिएका समस्या लगायतका विषय बारे जानकारी गराउनुभयो ।



छलफल कार्यक्रममा माननीय महालेखापरीक्षकज्यू र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाका पदाधिकारीहरु

नेपाल राष्ट्र बैंकका गभर्नर सहितको टोलीसँग बैठक

१६ श्रावण, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा नेपाल राष्ट्र बैंकका गर्भनर डा.चिरञ्जिवी नेपाल सहित बैंकका उच्च पदाधिकारी र आर्थिक वर्ष २०७४/७५ को बैंकको लेखापरीक्षणका लागि खटिएका लेखापरीक्षकबीच महालेखापरीक्षकको कार्यालय, बबरमहलमा बैठक सम्पन्न भयो ।



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरिञ्जिवी नेपाल

बैठकमा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षकलाई अझ बढी जवाफदेही र जिम्मेवार बनाइने बताउँदै राष्ट्र बैंकलाई लेखापरीक्षण कार्यमा सहयोग गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत पार्न निर्देशन दिनुभयो । सो क्रममा उहाँले पछिल्लो समयमा मुलुकमा बैंक तथा वित्तीय अपराधका घटनाहरु वृद्धि हुँदै गईरहेको हुँदा यस्ता कार्यमा नियन्त्रण गर्न बैंकको नियमनकारी भूमिकालाई प्रभावकारी बनाउनु पर्ने कुरा उल्लेख गर्नुभयो । त्यसैगरी उहाँले सार्वजनिक कोषको सुरक्षा र मुलुकभर वित्तीय सेवाको सहज पहुँचका लागि नेपाल राष्ट्र बैंकको सक्रिय भूमिकाको अपेक्षा गर्नुभयो । बैंकको विगत वर्षका लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा कार्यान्वयनको स्थिति समेत समावेश गरी आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण प्रतिवेदन, २०७५ कार्तिक मसान्तभित्र पेश गर्न लेखापरीक्षकहरुलाई निर्देशन दिनुभयो ।

बैठकमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जिवी नेपालले अर्थ व्यवस्थाका विविध पक्ष र बैंक तथा वित्तीय संस्थाको नियमनमा नेपाल राष्ट्र बैंकको भूमिका, कर्मचारी व्यवस्थापन, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति लगायत नेपाल वित्तीय प्रतिवेदन मानको कार्यान्वयन सम्बन्धमा भएका काम-कारबाही बारे प्रकाश पार्नुभयो ।

सम्पादकीय .....

सम्वत् ११३९ को पावन अवसरमा यहाँहरुको सु-स्वास्थ्य, सुख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

(नोट : यस अंकमा २०७५ श्रावण, भाद्र र आश्विन महिनाका कार्यालय गतिविधिहरु समावेश गरिएको छ ।)

अन्तर्राष्ट्रिय गतिविधि

दिगो विकास लक्ष्यमा सर्वोच्च लेखापरीक्षण संस्थाको योगदान विषयक कार्यक्रम



सामाजिक तथा आर्थिक क्रियाकलापका लागि संयुक्त राष्ट्रसंघीय विभाग (यु.एन.डि.ई.एस.ए.) र इन्टोसाई डेभलपमेन्ट इनिसियटिभ (आई.डि.आई.) ले संयुक्त रुपमा जुलाई १९ र २०, २०१८ मा संयुक्त राष्ट्र संघ मुख्यालय न्यूयोर्कमा "२०३० एजेण्डा र दिगो विकास लक्ष्यमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको योगदान (Contribution of Supreme Audit Institutions to the 2030 Agenda and Sustainable Development Goals)" विषयमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको नेतृत्व र सरोकारवालाहरु बीच छलफल गर्न आयोजना गरेको बैठकमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।०३।२० को निर्णय बमोजिम माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालको नेतृत्वमा निर्देशक श्री चन्द्रकान्त भण्डारीले भाग लिनु भयो ।

भ्रमणको सिलसिलामा भारतका महालेखा नियन्त्रक तथा परीक्षक श्री राजिभ मेहऋर्षि, भुटानका महालेखापरीक्षक श्री दासो छिरिङ केजाङ, श्रीलंकाका महालेखापरीक्षक श्री गामिनी विजेसिंगे, कुवेतको स्टेट अडिट व्यूरोका अध्यक्ष्य श्री एदेल अव्दुलाजिज अलसरावी, ईन्टोसाई महासचिव तथा अष्ट्रियन सर्वोच्च लेखापरीक्षण संस्थाको प्रमुख डा.मार्गिट क्याकर, क्यानाडाको महालेखापरीक्षकको कार्यालयकी वातावरण तथा दिगो विकास आयुक्त श्री जुली गेल्फाल्ड, दक्षिण अफ्रिकाका महालेखापरीक्षक श्री किमी माकेउतु, आई.डि.आई.की उप-महानिर्देशक श्री अर्चना श्रीसत् तथा अन्य प्रतिनिधिहरुसँग आपसी हित र सहयोगका विषयमा छलफल भएको थियो । खास गरी एसिया क्षेत्रका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख तथा प्रतिनिधिहरुसँग क्षेत्रीय सहयोग र नेपाल आगामी एसोसाई साधारण सभामा हुने कार्यकारी परिषद्को निर्वाचनमा सन् २०१८-२१ को अवधिको लागि सहभागी हुन लागेकाले सहयोगका लागि अनुरोध गरिएको थियो ।

भ्रमणका क्रममा अन्तर्राष्ट्रिय लेखापाल महासंघ (International Federation of Accountants (IFAC)) का पदाधिकारीसँग सार्वजनिक वित्तिय व्यवस्थापन सुधारका विषयमा महासंघको मुख्यालयमा छलफल भएको थियो ।

साथै भ्रमणको क्रममा न्यूयोर्क र वासिंटन डि.सी. स्थित नेपाली नियोगहरु र महावाणिज्य दूतावासको समेत अवलोकन गरिएको थियो ।

एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाको गभर्निङ्ग बोर्डमा नेपाल निर्वाचित

९ असोज, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल, उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल र निर्देशक श्री चन्द्रकान्त भण्डारी २०७५/०५/३१ देखि २०७५/०६/०६ गते सम्म भियतनामको हनोईमा भएको एसियाली सर्वोच्च लेखापरीक्षण संस्था (एसोसाई) को ५२ औं गभर्निङ्ग बोर्डको बैठक र १४ औं साधारण सभामा सहभागी भई २०७५/०६/०७ मा स्वदेश फिर्ता हुनुभयो । सो अवसरमा एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाको रणनीतिक योजना, बजेट, वार्षिक कार्यक्रम तथा क्षमता अभिवृद्धि कार्यक्रम सम्बन्धमा छलफल र पारित भयो । उक्त बैठकमा एशिया प्रशान्त क्षेत्रका ४६ सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख तथा प्रतिनिधिहरुले सहभागिता जनाएका थिए ।

नेपाल सन् २०१५ देखि २०१८ सम्मको लागि गभर्निङ्ग बोर्डको सदस्य रहेकोमा पुनः आगामी ३ वर्षको कार्यकालका लागि निर्वाचित भएको छ । उक्त निर्वाचनमा नेपालले जम्मा ३८ मध्ये २६ मत प्राप्त गरेको थियो । कार्यक्रममा नेपालको तर्फबाट दिगो विकास लक्ष्य प्राप्तीमा सर्वोच्च लेखापरीक्षण संस्थाको भूमिका सम्बन्धमा कार्यपत्र समेत प्रस्तुत गरिएको थियो ।



एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाको ५२ औं गभर्निङ्ग बोर्डको बैठकमा सहभागी हुदै माननीय महालेखापरीक्षक सहित अन्य देशका प्रतिनिधीहरु ।



एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाको १४ औं साधारण सभामा सहभागी हुदै माननीय महालेखापरीक्षक सहित अन्य देशका प्रतिनिधिहरु ।

चीनको सरकारी लेखापरीक्षण प्रणाली

विषय प्रवेश

चीनियाँ विशेषता सहितको समाजवाद (Socialism with Chinese Characteristics) मा आधारित गरी उच्च आर्थिक वृद्धि र तीव्र विकासको गति कायम राख्ने उद्देश्यका साथ भ्रष्टाचार विरुद्धको अभियान संचालन गरी आर्थिक सदाचारिता प्रवर्द्धन गर्न राज्यका सबै निकाय सक्रिय रहेको जनवादी गणतन्त्र चीन सरकारले २०१८ जुन २१ देखि जुलाई ४ सम्म लेखा र लेखापरीक्षण सम्बन्धी गोष्ठीको आयोजना गरे को थियो । महालेखापरीक्षकको कार्यालयका तर्फबाट आठ जना लेखापरीक्षण अधिकारीहरु समावेश भएको उक्त गोष्ठीमा आर्थिक तथा वित्तीय क्षेत्रमा चीनले अवलम्बन गरेको मार्ग र सोमा गरिएका सुधारका विषयमा चर्चा गरिएको थियो ।

आर्थिक सदाचार प्रवर्द्धन गर्न अन्य राष्ट्रमा झै चीनमा पनि सर्वोच्च लेखापरीक्षण संस्था रहेको छ । भ्रष्टाचार विरुद्ध लड्न तथा कानूनी राज्यको स्थापना गर्न राज्यलाई सहयोग पुऱ्याउने उद्देश्यले चीनको सर्वोच्च लेखापरीक्षण संस्था, नेशनल अडिट अफिस अफ पिपल्स रिपब्लिक अफ चाइना (National Audit Office of People's Republic of China -CNAO) समय सापेक्ष परिमार्जित हुँदै अघि बढिरहेको छ ।

चीनियाँ सर्वोच्च लेखापरीक्षण संस्थाको परिचय

चीनको संविधानमा व्यवस्था गरिए बमोजिम सन् १९८३ सेप्टेम्बरमा CNAO को स्थापना भएको हो । संस्थाको काम, कर्तव्य र अधिकार संविधान, लेखापरीक्षण ऐन र नियमावलीमा स्पष्ट उल्लेख भएको छ । महालेखापरीक्षक प्रमुख रहने यस संस्थाले राज्य परिषद् (State Council) अन्तर्गत एक मन्त्रालय सरहको निकायको रुपमा भूमिका निर्वाह गर्दै आइरहेको छ। संस्थाले लेखापरीक्षण परिणाम प्रतिवेदन (Audit Results Report) राज्य परिषद्का प्रमुख (Premier) समक्ष पेश गर्ने गर्दछ ।

चीनका प्रथम महालेखापरीक्षक यु मिङताओ हुनुहुन्थ्यो भने हाल हु चेचुन (Hu Zejun) ले छैठौँ महालेखापरीक्षकका रुपमा अप्रिल २०१७ देखि कार्यभार सम्हालिरहनु भएको छ । आन्तरिक रुपमा १४ वटा विभाग रहेको चीनको सर्वोच्च लेखापरीक्षण संस्था अन्तर्गत ११ संबद्ध संस्था (Affiliated Institutions), २५ अन्तर विभागीय कार्यालय (Interdepartmental Offices) र १८ पार-क्षेत्रीय आवासीय कार्यालय (Trans-regional Resident Offices) रहेका छन् । त्यस्तै प्रान्त तह (Provincial Level) मा ३२ वटा, नगरपालिका तह (Municipal Level) मा ४३४ वटा, काउन्टी तह (County Level) मा ३ हजार ७५ वटा लेखापरीक्षण कार्यालय रहेका छन् । संस्था अन्तर्गत देशभरका लेखापरीक्षण कर्मचारीको संख्या ८० हजार भन्दा बढी रहेको छ ।

लेखापरीक्षण प्रक्रिया


लेखापरीक्षण अधिकारी श्री नमुना पाण्डे

मन्त्रालयस्तरको संस्था CNAO ले सरकार प्रमुखको प्रत्यक्ष नेतृत्वमा लेखापरीक्षण सम्बन्धी कार्य गर्ने गर्दछ र आफ्नो कामको प्रतिवेदन State Council मा पेश गर्दछ । CNAO ले अन्तर्गतका लेखापरीक्षण संस्थाको कार्यक्षेत्रमा पर्ने निकायको लेखापरीक्षण योजना तयार गर्ने, विस्तृत सर्वेक्षण गरी सोको आधारमा लेखापरीक्षण कार्यक्रम बनाउने, कम्तीमा ३ दिन अगाडि कार्यालयलाई जानकारी दिई लेखापरीक्षण शुरु गर्ने, लेखापरीक्षण कार्यको विस्तृत टिप्पणी तथा प्रमाण कागजात तयार गर्ने र लेखापरीक्षण गरिएको कार्यालयको भनाई समेत समेटिएको प्रतिवेदन तयार गरी लेखापरीक्षण भएको संस्थाका प्रमुखलाई पेश गर्ने गरेको छ । प्राप्त प्रतिवेदनमा राजश्व तथा खर्च सम्बन्धमा कानूनको उल्लंघन भएको पाइएमा तथा कानुन बमोजिम सम्बन्धितलाई कारवाही गर्नुपर्ने अवस्था देखिएमा कानूनले तोकेको अधिकार क्षेत्र भित्र रही सम्बन्धित लेखापरीक्षण संस्थाले निर्णय (Audit Decision) लिने र सम्बन्धित विभागलाई आवश्यक कारबाही गर्न सुझाव दिने काम पनि गर्दछ ।

संस्थाको केन्द्रीय कार्यालय State Council प्रमुखको नेतृत्वमा रहेको हुन्छ भने अन्य तहका लेखापरीक्षण संस्था आ-आफ्ना सरकार तथा तहका प्रमुख साथ साथै आफूभन्दा माथिल्लो तहको लेखापरीक्षण संस्था (दुवै) को नेतृत्वमा संचालित हुन्छन् । प्रान्त तथा स्थानीय तहका लेखापरीक्षण संस्थाले आफ्नो-आफ्नो अधिकार क्षेत्र भित्रका निकाय तथा कार्यालयको लेखापरीक्षण व्यवस्थित गर्ने कार्य आफैँ गर्दछन् तथापि ती संस्थालाई निर्देशित गर्ने र तिनले तयार गरेको प्रतिवेदन उपर आवश्यक कारबाहीका लागि पहल गर्ने काम माथिल्लो लेखापरीक्षण संस्थाले गर्दछन् ।

लेखापरीक्षणका क्षेत्रहरु

लेखापरीक्षण संस्थाले सरकारी कार्यालय, सरकारी कोष प्रयोग गर्ने अन्य सार्वजनिक संस्था, केन्द्रीय बैंक, सरकारी स्वमित्वका मौद्रिक तथा गैर-मौद्रिक संस्थान, सरकारी खर्चमा संचालित निर्माण कार्य तथा सामाजिक सुरक्षा लगायतका कोषका साथै वैदेशिक तथा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त ऋण तथा सहयोगबाट संचालित आयोजनाको लेखापरीक्षण गर्दछ । लेखापरीक्षण संस्थाले सम्बन्धित तहमा रहेका विभिन्न विभाग तथा अन्य इकाइका प्रमुख नेतृत्वकर्ताको पदमा रहेको अवधिमा कार्यसम्पादन कस्तो रह्यो तथा आर्थिक उत्तरदायित्व कति

निर्वाह भयो भन्ने सम्बन्धमा पनि राज्यको कानूनको अधीनमा रही लेखापरीक्षण गर्ने गर्दछ ।



अधिकार

कानूनले CNAO तथा अन्तर्गतका लेखापरीक्षण संस्थालाई लेखापरीक्षणको सम्बन्धमा विविध अधिकार दिएको छ। लेखापरीक्षण गरिने इकाइको सम्पूर्ण लेखा तथा खर्च र राजश्व सम्बन्धि कागजात तथा अन्य सूचना प्राप्त गर्ने अधिकार लेखापरीक्षकलाई हुन्छ। त्यस्तै विशेष अवस्थामा अनुसन्धानात्मक कार्य पनि लेखापरीक्षण संस्थाले गर्न सक्दछन् ।

लेखापरीक्षण संस्थाले लेखापरीक्षण गरिने इकाइबाट नियम अनुसार नहुने गरी कुनै कार्य भइरहेको पाइएमा बाध्यात्मक कानूनी प्रक्रियाबाट सम्बन्धित विभागमा जानकारी गराउने व्यवस्था छ । त्यस्तै इकाइलाई प्राप्त भइरहेको र हुने रकम रोक्का गर्ने तथा लेखाका कागजातमा हेरफेर गर्ने, सरकारी सम्पत्ति लुकाउने, हिनामिना गर्ने जस्ता कार्य गरेको प्रमाण प्राप्त भएमा लेखापरीक्षण संस्थाका प्रमुखको पूर्व सहमति लिई उक्त सम्पत्ति सिलबन्दी गर्न गराउन सक्ने समेत व्यवस्था छ ।

यद्यपी लेखापरीक्षण प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशित गर्नैपर्ने बाध्यमत्मक व्यवस्था रहेको छैन ।

अन्तमा

INTOSAI, ASOSAI जस्ता संस्थाको सदस्य भएर लेखापरीक्षणका सर्वमान्य सिद्धान्त तथा विभिन्न मापदण्ड प्रति सम्मान र ऐक्यबद्धता राख्दा राख्दै पनि आफ्नै देश सुहाउँदो "चिनियाँ विशेषता सहितको लेखापरीक्षण प्रणाली" **(Audit System With Chinese Characteristics)** अवलम्बन गरी राज्यको नीति अनुरुप नै लेखापरीक्षण प्रणालीलाई अघि बढाएको चीनले स्वतन्त्र, सुदृढ तथा सबल लेखापरीक्षण संस्था निर्माण गरी भ्रष्टाचार विरुद्धको अभियानलाई सार्थक तुल्याउन खोजेको छ । साथै सुधार र नवीनतालाई प्राथमिकता दिई संसारमै सबैभन्दा बढी जनसंख्या भएको र हाल विश्वकै दोश्रो ठूलो अर्थतन्त्र भएको राष्ट्रको पहिचान बनाएको चीनले आर्थिक सुशासन सुधारमा सर्वोच्च लेखापरीक्षण संस्थाको भूमिका खोजेको देखिन्छ । यसले कुनै पनि राष्ट्रको सुशासन, सम्वृद्धि तथा विकासमा सो राष्ट्रको सर्वोच्च लेखापरीक्षण संस्थाको अहम् भूमिका हुने स्पष्ट पार्दछ । छिमेकी चीनको लेखापरीक्षण प्रणालीबाट नेपालले पनि धेरै कुरा सिक्न सक्दछ ।

Report Writing



निर्देशक रमेश ढकाल

Language सटिक राम्रो, Logical विचारको ।
Accuracy हुनु राम्रो, Precision भित्री सारको ॥
Title, Topic र वाक्य, Effective तब बन्दछ ।
Summarize – Complex Matter, सारको
Report खुल्दछ ॥

Evidence Obtaining गरी, निश्कर्षमा पुग्नुपर्दछ ।
Opinion Express गर्दै, Frame मा पस्नुपर्छ ॥
सूचना मर्मको मात्रा, गंभिरता जोड्नुपर्दछ ।
अनियमित बलिया जोखिम, सिपले फोड्नुपर्दछ ॥

Quality तब निस्कन्छ , Process गति सारको ।
Legal र Condition भित्र, Disclose आधारको ॥
शब्द चयन मृदुलता, अलंकार अभ्यासको ।
Value – add तब बन्दछ, सिर्जना र विचारको ॥

सुस्थिर अभ्यास हाम्रो, त्यागले सार खोज्दछ ।
Accounting बुद्धिका साथ, धैर्यले बाटो रोज्दछ ॥
Practice आधार हाम्रो, Matter दुर दृष्टिको ।
जोड्नु छ सारको चुरो, कारोबार प्रकृतिको ॥

महालेखापरीक्षकको कार्यालयको संगठन संरचना र दरबन्दी स्वीकृत

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०३/३२ को निर्णयानुसार महालेखापरीक्षकको कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार कार्यालयको नयाँ संगठन संरचना र दरबन्दी स्वीकृत भएको छ। स्वीकृत गरिएका पद मध्ये लेखापरीक्षण अधिकारी र लेखापरीक्षण अधिक्षकको थप दरबन्दीको पदपूर्ति चरणबद्ध रुपमा क्रमशः ५० प्रतिशत र २५/२५ प्रतिशतका दरले गर्ने उल्लेख छ। जस अनुसार साविकमा विभिन्न पदमा गरी ४४८ दरवन्दी कायम रहेकोमा हाल कार्यालयको कर्मचारी दरवन्दी संख्या ६१४ पुगेको छ। स्वीकृत कर्मचारी दरवन्दी विवरण देहाय बमोजिम छ।

सि.नं.	पदको नाम	श्रेणी र तह	सेवा	समूह	साविक दरबन्दी	थप	घट	कूल कायम दरबन्दी
१	उप-महालेखापरीक्षक	रा.प. विशिष्ट	नेपाल लेखापरीक्षण सेवा	–	४	-	-	४
२	नायव महालेखापरीक्षक	रा.प.प्रथम	नेपाल लेखापरीक्षण सेवा	–	१४	-	-	१४
३	निर्देशक	रा.प. द्वितीय	नेपाल लेखापरीक्षण सेवा	–	८५	-	-	८५
४	विशेषज्ञ निर्देशक	रा.प. द्वितीय	नेपाल लेखापरीक्षण सेवा	–	१	-	-	१
५	सूचना प्रविधि निर्देशक	रा.प. द्वितीय	नेपाल विविध		.	१		१
६	कानून निर्देशक	रा.प. द्वितीय	नेपाल न्याय	कानून	.	१		१
७	लेखापरीक्षण अधिकारी	रा.प. तृतीय	नेपाल लेखापरीक्षण सेवा	–	१६७	८८	-	२५५
८	कम्प्युटर अधिकृत	रा.प. तृतीय	नेपाल विविध		.	२	-	२
९	कानून अधिकृत	रा.प. तृतीय	नेपाल न्याय	कानून	.	२		२
१०	टेलिफोन अधिकृत	रा.प. तृतीय	नेपाल विविध सेवा	–	१	-	-	१
११	लेखापरीक्षण अधीक्षक	रा.प.अनं. प्रथम	नेपाल लेखापरीक्षण सेवा	–	८२	४८	-	१३०
१२	टेलिफोन अपरेटर	रा.प.अनं. प्रथम	नेपाल विविध सेवा	–	१	-	-	१
१३	कम्प्युटर अपरेटर	रा.प.अनं. प्रथम	नेपाल विविध सेवा	–	४	१०	-	१४
१४	टाइपिष्ट प्रथम	रा.प.अनं. प्रथम	नेपाल प्रशासन सेवा	सा.प्र.	८	-	६	२
१५	टाइपिष्ट द्वितीय	रा.प.अनं. द्वितीय	नेपाल प्रशासन सेवा	सा.प्र.	१	-	१	०
१६	सहायक कम्प्युटर अपरेटर	रा.प.अनं. द्वितीय	नेपाल विविध सेवा	–	१०	१०	-	२०
१७	लेखापरीक्षण निरीक्षक	रा.प.अनं. द्वितीय	नेपाल लेखापरीक्षण सेवा	–	२५	-	९	१६
१८	काउण्टर सहायक	रा.प.अनं. द्वितीय	नेपाल शिक्षा सेवा	पुस्तकालय	१	-	-	१
१९	जुनियर मेकानिक्स	रा.प.अनं. द्वितीय	नेपाल विविध सेवा	–	२	-	१	१
२०	जुनियर इलेक्ट्रिसियन	रा.प.अनं. द्वितीय	नेपाल इन्जिनियरिङ्ग सेवा	इलेक्ट्रिकल	१	-	-	१
२१	सवारी चालक	श्रेणी विहीन	नेपाल विविध सेवा	–	१७	१३	-	३०
२२	हेभी सवारी चालक	श्रेणी विहीन	नेपाल विविध सेवा	–	.	२	-	२
२३	कार्यालय सहयोगी	श्रेणी विहीन	नेपाल विविध सेवा	–	२४	६	-	३०
				जम्मा	**४४८**	**१८३**	**१७**	**६१४**

२०७५ श्रावण देखि आश्विन महिनासम्म बढुवा भएका कर्मचारीको विवरण

सि.नं	साविकको पद	हालको पद	कर्मचारीको नाम	बढुवा मिति	कैफियत
१	नायव-महालेखापरीक्षक	उप- महालेखापरीक्षक	श्री राममाया कुवँर	२०७५/०४/२३	नेपाल सरकारको मिति २०७५ श्रावण २३ को निर्णयानुसार

२०७५ श्रावण देखि आश्विन महिनासम्म अवकाश भएका कर्मचारी

सि.नं	पद	कर्मचारीको नाम	शुरु नियूक्ति	अवकाश मिति	कैफियत
१	उप-महालेखापरीक्षक	श्री मोहदत्त तिमिल्सिना	२०४५/११/०६	२०७५/०४/०६	अनिवार्य
२	नायव -महालेखापरीक्षक	श्री विश्वनाथ रेग्मी	२०४२/०४/०१	२०७५/०४/२८	राजिनामा
३	निर्देशक	श्री रामबहादुर कटुवाल	२०४०/१०/०२	२०७५/०५/२४	अनिवार्य
४	शाखा अधिकृत	श्री राजु खड्का	२०३७/०९/०३	२०७५/०६/०६	अनिवार्य
५	लेखापरीक्षण अधिकारी	श्री श्यामबहादुर कस्ती	२०३८/०२/१५	२०७५/०६/०९	अनिवार्य
६	कार्यालय सहयोगी	श्री सुरेश महर्जन	२०४४/०६/२९	२०७५/०४/१५	अनिवार्य

२०७५ श्रावण देखि आश्विन महिनासम्म नियुक्त कर्मचारी

सि.नं	पद	कर्मचारीको नाम	शुरु नियूक्ति	कैफियत
१	निर्देशक	श्री बुद्धिराज बसेल	२०७५/०४/०७	नयाँ नियुक्ति
२	लेखापरीक्षण अधीक्षक	श्री इन्द्रप्रसाद कोईराला	२०७५/०६/०७	नयाँ नियुक्ति
३	लेखापरीक्षण अधीक्षक	श्री हिमराज अर्याल	२०७५/०६/०७	नयाँ नियुक्ति
४	लेखापरीक्षण अधीक्षक	श्री जीवनप्रसाद गौतम	२०७५/०६/०७	नयाँ नियुक्ति
५	लेखापरीक्षण अधीक्षक	श्री ईश्वरदेव पन्त	२०७५/०६/०७	नयाँ नियुक्ति
६	लेखापरीक्षण अधीक्षक	श्री ललन साह कानु	२०७५/०६/०७	नयाँ नियुक्ति
७	लेखापरीक्षण निरीक्षक	श्री बुद्ध प्रकाश खरेल	२०७५/०६/११	वैकल्पिक सिफारिस

२०७५ श्रावण देखि आश्विन महिनासम्म सरूवा भएका कर्मचारी

सि.नं	पद	कर्मचारीको नाम	रमना भई गएको मिति	कैफियत
१	हलुका सवारी चालक	श्री शरदकुमार महत	२०७५/०४/२१	
२	कार्यालय सहयोगी	श्री मिनबहादुर लोहनी	२०७५/०५/०१	
३	कार्यालय सहयोगी	श्री राजुमारिपा श्रेष्ठ	२०७५/०५/०१	
४	लेखापरीक्षण निरीक्षक	श्री सुमन श्रेष्ठ	२०७५/०६/०७	नायव सुब्बा पदमा सिफारिस भई गएको ।
५	जुनियर मेकानिक्स	श्री पारस ठाकुर	२०७५/०६/११	मेकानिकल सुपरभाईजर पदमा सिफारिस भई गएको ।

२०७५ श्रावण देखि आसोज महिनासम्म रमना भई आएका कर्मचारी

सि.नं	पद	कर्मचारीको नाम	रमना भई आएको मिति	कैफियत
१	सहायक कम्प्यूटर अपरेटर	श्री नगिना भण्डारी	२०७५/०४/०२	
२	सहायक कम्प्यूटर अपरेटर	श्री शान्ती दाहाल	२०७५/०४/१८	
३	सहायक कम्प्यूटर अपरेटर	श्री हर्कमान गर्भुजा	२०७५/०४/२२	

२०७५ श्रावण देखि आश्विन महिनासम्म वैदेशिक तालिम तथा कार्यक्रममा भएको सहभागीता

सि.नं	पद	कर्मचारीको नाम	कार्यक्रमको नाम	देश	अवधि
१	उप-महालेखापरीक्षक	श्री बाबुराम गौतम	INTOSAI CBC meeting	कुवेत	Sept.03 to Sept.06, 2018
२	उप-महालेखापरीक्षक	श्री ईश्वर नेपाल	Audit Accountability Meeting	घाना	Sept. 26 to Sept. 27, 2018
३	उप-महालेखापरीक्षक	श्री रामुप्रसाद डोटेल	14th ASOSAI Assembly & 7th ASOSAI Symposium (State Audit Office of Vietnam-SAV) on " Environmental Audit"	हनोई, भियतनाम	Sept. 16 to Sept. 22, 2018
४	नायव-महालेखापरीक्षक	श्री पदमराज पौडेल	SAI Engaging With Stakeholder	थाईल्याण्ड	Aug 7 to Aug 17, 2018
५	निर्देशक	श्री चन्द्रकान्त भण्डारी	Contribution of Supreme Audit Institutions to Sustainable Development goals	संयुक्त राज्य अमेरिका	July 17 to July 25, 2018
६			14th ASOSAI Assembly & 7th ASOSAI Symposium (State Audit Office of Vietnam-SAV) on " Environmental Audit"	हनोई, भियतनाम	Sept. 16 to Sept. 22, 2018
७	निर्देशक	श्री अनन्तप्रसाद तिवारी	WEGA International Training on Forestry Audit	ईन्डोनेशिया	Sept. 24 to Sept. 28, 2018
८	निर्देशक	श्री कुमार थापा	Foreign Funded Project Auditor Capacity Building Workshop	चीन	Sept. 03 to Sept. 07, 2018
९	निर्देशक	श्री शालिकराम घिमिरे	Foreign Funded Project Auditor Capacity Building Workshop	चीन	Sept. 03 to Sept. 07, 2018
१०	निर्देशक	श्री सत्य नारायण थापा	2018 Asian Evaluation Week " Making Evaluation Work of Country Level"	चीन	Sept. 03 to Sept. 14, 2018
११	लेखापरीक्षण अधीक्षक	श्री कृपा मरहट्ठा	142nd ITP on Financial & Regularity Audit	भारत	12 Aug to 7 Sep, 2018

रामाया कुवँर उप-महालेखापरीक्षकमा बढुवा



नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५ श्रावण २३ को निर्णयानुसार यस कार्यालयमा कार्यरत नायव-महालेखापरीक्षक श्री राममाया कुवँर निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा(२) को खण्ड (ख) (२) बमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्रांकित विशिष्ठ श्रेणीको उप-महालेखापरीक्षक पदमा बढुवा भई महालेखापरीक्षकको कार्यालयमा पदस्थापना हुनुभएको छ ।

उहाँले त्रिभुवन विश्वविद्यालयबाट वाणिज्यशास्त्र तथा जनप्रशासन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गर्नुभएको छ । मिति २०५९ जेष्ठ ४ मा लेखापरीक्षण अधिकारीमा नियुक्ति हुनुभएको कुवँरसँग लेखापरीक्षण सेवामा १५ बर्ष भन्दा बढीको अनुभव रहेको छ । उहाँले उद्योग, सहकारी, कृषि, स्वास्थ्य, सिंचाई र शहरी विकास जस्ता महा/निर्देशनालयमा रही कार्य गर्नुको साथै सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय मान सम्बन्धी विषयमा २०७३ साल देखि लेखापरीक्षण पत्रिकामा लेखहरु प्रकाशित गर्दै आउनुभएको छ ।

